**काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड**
**सैबु, भैसेपाटी, ललितपुर**
**कार्यकारी निर्देशक पदका लागि दरखास्त आव्हान सम्वन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति २०८२।५।२३)

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम २० बमोजिम देहाय अनुसारका योग्यता भएका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले एक्काइस (२१) दिन भित्र यस बोर्डको कार्यालय, सैबु, भैसेपाटी, ललितपुरमा आई पुग्ने गरी रितपूर्वकको दरखास्त पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. **पद :** कार्यकारी निर्देशक

२. **आवश्यक न्यूनतम योग्यता :** खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३ को दफा १७ तथा काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०८२ को नियम २० मा व्यवस्था भए बमोजिमको हुनेछ ।

३. **पदावधि :** खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा १७ (२) मा व्यवस्था भए बमोजिम निजको पदावधि पाँच (५) वर्षको हुनेछ तथा सोही ऐनको दफा १७ (३) बमोजिम निजलाई पदावधि पुरा हुनु अगावै पदबाट हटाउन सकिनेछ ।

४. **पारिश्रमिक र सुविधा :** कार्यकारी निर्देशकको मासिक पारिश्रमिक काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०८२ को नियम २१(१) बमोजिम तथा अन्य सुविधा र सेवाका शर्तहरु काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०८२ को नियम २१(४) बमोजिम हुनेछ ।

५. **प्रमुख काम, कर्तव्य र अधिकार :** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा १८ र काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०८२ को नियम २२ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

६. **छनौटको आधार :** काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यकारी निर्देशक नियुक्ति सम्वन्धी कार्यविधि, २०८२ बमोजिम हुनेछ ।

यस सूचनासँग सम्वन्धित सम्पूर्ण जानकारी काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको कार्यकारी निर्देशक नियुक्ति सिफारिस सम्वन्धी कार्यविधि, २०८२ मा उल्लेख गरिएको र सो कार्यविधि https://kvwsmb-edvacancy.shrigo.com मा राखिएको छ । थप जानकारीको लागि फोन नं. ०१–५५९१७३७/५५९१९३७ मा कार्यालय समयभित्र यस वोर्डको कार्यालय सैबु, भैसेपाटीमा सम्पर्क राख्न सकिनेछ ।